# स्थानीय राजपत्र

कालिगण्डकी गाउँपालिका, गल्मीद्धारा प्रकाशित

वर्ष ७ अंक ८, २०८० फागुन २३ गते, बुधबार।

## साना कृषि औजार तथा उपकरण सामाग्री अनुदान कार्यक्रम संचालन कार्यविधि २०८०

**प्रस्तावनाः**

कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको २४ प्रतिशत योगदानलाई अझ वृद्धि गर्दै लैजान कृषि उत्पादन क्षेत्रलाई निर्वाहमुखीवाट व्यवसायीककरणमा परिणत गर्न र तीव्र विस्तार गरी समग्र व्यवसायलाई नै प्रतिस्पर्धी बनाउन आवश्यक छ। यसका लागि कृषि उत्पादन प्रशोधन तथा बजारीकरण गरी कृषकहरुलाई थप बढी प्रतिस्पर्धी बनाउनको लागि प्रदान गरिने थप सहयोग तथा कार्यक्रमलाई अझ बढी प्रभावकारी एवं पारदर्शी रुपमा लक्षित वर्गसम्म पुऱ्याउन र यस व्यवसायलाई आर्थिक उपार्जन, स्वरोजगार प्रर्वद्धन एवं गरिवी न्युनिकरणको माध्यमवाट राष्ट्रिय अर्थ व्यवस्थामा ठोस योगदान पुर्याउन यस गाउँपालिकाको विभिन्न नीति तथा कार्यक्रमलाई सहज, सरल, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न कालिगण्डकीगाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

### परिच्छेदः १

**१.) संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नामः **साना कृषि औजार तथा उपकरण सामाग्री अनुदान कार्यक्रम संचालन कार्यविधि २०८०** रहेको छ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२.) परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"गाउँपालिका "** भन्नाले कालिगण्डकी गाउँपालिका सम्झनु पर्दछ।

(ख) **"कार्यालय"**भन्नाले कालिगण्डकी गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ग) **"मुल्यांकन समिति"**भन्नाले गाउँपालिकाकोकृषि विकास कार्यक्रम मुल्याङकन समिति सम्झनु पर्दछ।

(घ) **"समूह"**भन्नाले १० वा सो भन्दा बढी कृषकहरु संगठित भई गठन भएको समुहलाई सम्झनु पर्दछ।

(ङ) **"निजि फार्म"**भन्नाले एकल वा साझेदारी स्वामित्वमा रही यस गाउँपालिकामा दर्ता भएको फर्म सम्झिनु पर्दछ।

(च) **"कार्यबिधि"**भन्नाले "**साना कृषि औजार तथा उपकरण सामाग्री अनुदान कार्यक्रम संचालन कार्यविधि २०८०**"सम्झनु पर्दछ।

**३.) कार्यक्रमको उद्देश्यहरुः**

(क) गाउँपालिकाका कार्यक्रम संचालनमा सहयोग पुर्याउने।

(ख) गाउँ सभाबाट विनियोजित रकमलाइ पारदर्शी बनाई संचालन गर्न सहयोग पुग्ने।

(ग) संभाव्यता हेरी कार्यक्रम प्रसारमा सहयोग पुर्याउने।

(घ) कृषि व्यवसायको उद्यमशीलता प्रबर्धन एव व्यवसायीकरण गर्नका लागि आवश्यक प्रविधि तथा सिपलाई लक्षित वर्गसम्म पुर्याउन सहयोग स्वरूप अनुदान प्रदान गर्ने।

(ङ) प्रति इकाई उत्पादन वृद्धि तथा उत्पादन लागत घटाउने।

(च) युवा जनशक्तिलाई कृषि पेशामा आकर्षित गर्ने |

(छ) कृषि आधुनिकरण,व्यवसायीकरण एवं प्रतिस्प्रधात्मक बनाई स्वरोजगारको अवसर शृजना गर्ने ।

## परिच्छेदः २

## छनौटका आधार मुल्याङ्कन

**४.) कार्यक्रम स्थल छनौटका आधारः** आवश्यकता, सम्भाव्यता , माग तथा कार्यक्रमको प्रकृति हेरि गाउँपालिका भित्र कार्यक्रम संचालन स्थल छनोट गरिने छ ।

**५.) मुल्याङ्कन समिति :** कृषि विकास कार्यक्रम संचालनको समग्र छनोट, अनुगमन एवं मुल्यांकन को लागि देहायबमोजिमको मुल्यांकन समिति गठन गरिनेछ ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| लेखा शाखा प्रमुख | सदस्य |
| योजना शाखा प्रमुख | सदस्य |
| पशु सेवा शाखा प्रमुख | सदस्य |
| कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

**६.) समितिले आवश्यकता अनुसार अन्य पदाधिकारीहरुलाई आमन्त्रण गर्न सक्ने छ ।**

## परिच्छेदः ३

## ५०% अनुदानमा औजार/उपकरण वितरण कार्यक्रम संचालन बिधि

**७.) कार्यक्रम संचालन विधि :**

(क) यो कार्यक्रम गाउँपालिकाका सबै वडाहरुमा संचालन गरिने छ।

(ख) गाउँपालिकाले ७ दिनको म्याद राखी अनुसूची १ बमोजिमको प्रस्ताव आह्वान गर्ने छ।

(ग) कृषक/कृषि फर्म /कृषक समुह /सहकारी सस्था संचालकले अनुसूची २ बमोजिम गाउँपालिकामा आबेदन पत्र पेश गर्नु पर्ने छ।

(घ) प्राप्त भएका आबेदनहारूलाई मुल्यांकन समितिले अनुसूची ३ बमोजिम छनोट गर्ने छ अथवा गाउँ कार्यपालिकाको बैठकले वडा गत संख्या निर्धारण गरी वडा समितिबाट सिफारिस भै आएका लाभग्राही छनोट गर्न सकिनेछ।

(ङ) छनोट भएका कृषक/कृषि फर्म /कृषक समुह /सहकारी सस्था संचालकले अनुसूची ४ बमोजिम सम्बन्धित कार्यालयमा आएर दुईपक्षिय सम्झौता गर्नु पर्ने छ।

(च) छनोटमा परेका कृषक/कृषि फर्म /कृषक समुह /सहकारी सस्थाले मात्र यन्त्र उपकरण खरिद गर्न पाउने छन।

(छ) छनोटमा परेका कृषक/कृषि फर्म /कृषक समुह /सहकारी सस्थाहरुले आफ्नो सो लगानीमा औजार उपकरण खरिदको ५० % रकम व्यहोर्ने छन र ५० %रकम भुक्तानीको लागी गाउँपालिकामा बिल पेस गर्नु पर्ने छ।

(ज) कार्यक्रमको खर्च बजेट अनुसार गरिने छ।

८.) छनोटमा परेका कृषक/कृषि फर्म /कृषक समुह /सहकारी सस्थाहरुले तपशिल बमोजिमका औजार उपकरणहरु खरिद गर्नुपर्ने छ :

| **क्र.स** | **औजार/उपकरणको नाम** | **अधिकतम अनुदान रकम** | **नीजि लगानी** | |
|---|---|---|---|---|
| १ | मिनिटिलर | ५० % | ५० % | |

| | | | | |
|---|---|---|---|---|
| २ | कम्बाईनमिल | ५० % | ५० % | |
| 3 | च्याफ कटर | ५० % | ५० % | |
| 4 | चेन-स मेसिन | ५० % | ५० % | |

## परिच्छेदः४

**९.) अनुगमन, मुल्यकंन तथा प्रतिवेदन सम्बन्धि व्यवस्था**

यस कार्यक्रमको अनुगमन मुल्यांकन समितेले गर्नेछ|

**१०.) थपघट वा हेरफेर गर्न सक्ने**

(क) यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी वनाउन कालिगण्डकीगाउँपालिका आवश्यकता अनुसार थपघटहेरफेर तथा खारेज गर्न सक्नेछ । ,

(ख) यस कार्याविधिको कार्यान्वयमा कुनै वाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो वाधा अवरोध फुकाउने प्रयोजनका लागि कालिगण्डकीगाउँपालिका आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

## अनुसूचीः १

मितिः

**५०% अनुदानमा**कृषि औजार/ उपकरण **वितरण कार्यक्रमको प्रस्ताव आह्वान सम्बन्धी सुचना**

विषयः ५०% अनुदानमा कृषि औजार उपकरण अनुदान सम्बन्धी सुचना ।

प्रस्तुत विषयमा आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषक हरुलाई ५०% अनुदानमा वितरण कार्यक्रम रहेको हुदाइच्छुक कृषक / कृषि फर्म/कृषक समुह र सहकारी सस्थाहरुले तपशिलमा उल्लेखित कागजात सहित सुचना प्रकाशन भएको ७ दिन भित्र कालिगण्डकी गाउँपालिकाको कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैलाई जानकारी गरिन्छ ।

| क्र.स. | कार्यक्रम | संचालन गरिने कृयाकलाप | कार्यक्रम संचालन हुने स्थान | आवेदकको किसिम | अनुदान रकम | कै. |
|---|---|---|---|---|---|---|
| १. | साना कृषि औजार तथा उपकरण सामाग्री अनुदान | मिनिटिलर, कम्बाईनमिल, च्याफ कटरर चेइन-स मेसिन | कालिगण्डकी गाउँपालिका भित्र । | कृषक / कृषि फर्म/कृषक समुह र सहकारी सस्थाहरु | अधिकतम रु **.....**वा विल रकमको ५०% | |

तपसिलः

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु ।

१. निवेदन
२. नेपाली नागरिताको प्रतिलिपी ।
३. फर्म/समुह/संस्था भएमा दर्ता प्रमाणपत्र,नविकरणर कर चुक्ता भएको प्रतिलिपी ।
४. समुह / सहकारीको हकमा कार्यक्रम माग गर्ने निर्णयको प्रतिलिपी ।
५. वडा कार्यालयको सिफारिस ।

नोटः अनुदानग्राहीले अन्ने कुनैपनी सरोकारवाला निकाय बाट अनुदान प्राप्त नगरेको हुनु पर्ने छ ।

# अनुसूचीः २

५०% अनुदानमाकृषि औजार/ उपकरण वितरण कार्यक्रमको
अनुदान सहयोग प्राप्त गर्नका लागि दिईने आबेदन पत्र

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
कालिगण्डकी गाउँ कार्यपालिकाको कार्यालय
पुर्तिघाट, गुल्मी ।

विषयः ५० % अनुदानमा कृषि औजार/ उपकरण उपलब्ध गराईदिनुहुन |

महोदय,

मलाई उक्त ........................................................................... अनुदान सहयोग प्राप्त गरी ........................................................ कार्य गर्न तिब्र ईच्छा भएकाले निम्नानुसार कागजात राखी निबेदन गर्दछु | मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रक्रिया आनुसार गाउँपालिका भित्रै रही कार्य गर्नेछु |

पुनश्चा तपशिल अनुसारका कागजातहरु यसै निबेदन साथ संलग्न राखेको व्यहोरा अनुरोध गर्दछु |

तपसिल

१. निवेदन
२. नेपाली नागरिताको प्रतिलिपी ।
३. फर्म/समुह/संस्था भएमा दर्ता प्रमाणपत्र , कर चुक्तार नविकरण भएको प्रतिलिपी ।
४. समुह / सहकारीको हकमा कार्यक्रम माग गर्ने निर्णयको प्रतिलिपी ।
५. वडा कार्यालयको सिफारिस
६. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम,शैक्षिक योग्यता,अनुभब,जग्गा भाडा सम्झौता पत्र आदि)
७. कार्यक्रम छनोट भएमा कार्यान्वन गर्ने प्रतिबद्ता

**निवेदकको**
नाम :
दस्तखत :
फर्म/समूह / सस्थाको नाम :
ठेगाना :
सम्पर्क नं :

# अनुसूचीः ३

**५०% अनुदानमा**कृषि औजार/ उपकरण**वितरण**कार्यक्रम संचालनका लागि छनोट गर्दा अपनाइने मुल्यांकनका आधारहरु

| क्र.स | वडा नं | आवेदक को नाम | ठेगाना | सम्भाव्यता (२० ) | तालिम/अनुभव (२०) | व्यवसायकोप्रकृती (३०) | खेतिगरेकोवा भैगोलिक क्षेत्रफल (३०) | कुल जम्मा (१००) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

मुल्यांकन समितिका पदाधिकारीहरुको

नाम : नाम :
पद : पद :
दस्तखत : दस्तखत

नाम : नाम :
पद : पद :
दस्तखत : दस्तखत

नाम : नाम :
पद : पद :
दस्तखत : दस्तखत

## अनुसूचीः ४

श्री कालिगण्डकी गाउँपालिका र श्री कृषक / कृषि फर्म/कृषक समुह र सहकारी सस्थाहरु बिच अनुदानमा वितरण कार्यक्रम संचालन सम्बन्धी संम्झौता पत्र

कालिगण्डकी गाउँपालिकाको स्वीकृतकार्यक्रमअनुसार आ.व. २०८०/०८१ मा संचालन हुने अनुदानमा औजार/उपकरण वितरण कार्यक्रमका लागि श्री.............................................................................कृषक/फार्म/कृषकसमुह/सहकारी सस्था (यस भन्दा पछाडि दोस्रो पक्ष भनिने) र कालिगण्डकीगाउँपालिका (यस भन्दा पछाडि पहिलो पक्ष भनिने )बीच तपशिलका सर्तहरुको अधिनमा रहि कार्यक्रम संचालन गर्न द्धिपक्षीय संम्झौता भएको छ

**तपसिल** :

१. कार्ययोजना अनुसार कार्यक्रम र क्रियाकलापहरु तोकिएको अवधीमा सम्पन्न गर्नु दोश्रो पक्षकोजिम्मेवारी हुनेछ।

२. पहिलो पक्षबाट प्राप्त भएको अनुदान सहयोग देखिने गरि स्टिकर वा प्लेट राख्नुपर्ने छ।

३. पहिलो पक्षले दोश्रो पक्षलाई कार्यक्रम संचालनको लागि दिनुपर्ने अनुदान रकम खातामा जम्मा गर्ने छ

४. खातामा रकम फिल्डभेरीफिकेशन पछि संझौता अनुसारको कार्यसंपादन भएपछि मात्र उपलव्ध गराईनेछ।

५. पहिलो पक्षवाट तोकिएको प्राविधिक विषयवस्तुलाई दोश्रो पक्षले अनिवार्य रुपमा पालना गर्नुपर्ने छ।

६. पहिलो पक्षले नियमित रुपमा अनुगमन गर्नेछ।

७. यस संम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि भवितव्यको पुर्ण जिम्मेवारी दोश्रोपक्ष स्वयम् हुनेछ।

८. कालिगण्डकीगाउँपालिकाले आवश्यक ठानेका अन्य विषयवस्तु थप हुन सक्नेछ।

९. अनुदान रकमको दुरुपयोग भएको पाईएमा दोश्रो पक्षवाट सो रकम असुल उपरको लागि प्रचलित कानुन वमोजिम आवश्क कारवाही गरिने छ।

१०. दोस्रो पक्षले मिति २०८१/...../..../ गते सम्म कार्य सम्पादनगर्नुपर्ने छ ।

**तपसिलः**

| सि.नं. | कार्क्रमहरु | कुल लागत | पहिलो पक्षले व्यहोर्ने लागत रकम | दोस्रो पक्षेले व्यहोर्ने लागत रकम |
|---|---|---|---|---|
| २ | | | | |
| ३ | | | | |

प्रथम पक्षले व्यहोर्ने लागत रु.

(क) दोश्रो पक्षले व्यहोर्ने लागत रु.
(ख) अन्य श्रोतबाट प्राप्त लागत रु.
(ग) प्रस्तावनाको कुल लागत रु.
(घ) काम सुरु हुने मितिः-
(ङ) काम सम्पन्न हुने मितिः-
(च) अन्य माथि उल्लेखित नभएका विषय वस्तुहरु प्रचलित कानुन अनुसार हुनेछ।

**प्रथम पक्षको तर्फबाट**
नाम:
पद:
दस्तखत:
मिति:
कार्यालयको छाप

**दोश्रो पक्षको तर्फबाट**
नाम:
पद:
दस्तखत:
मिति:
संस्थाको छाप:

**रोहवर**

| साक्षी १ (योजना शाखा) | साक्षी २ (कृषि शाखा ) |
|---|---|
| नाम: | नाम: |
| पद: | पद: |
| दस्तखत: | दस्तखत: |

| साक्षी १ | |
|---|---|
| नामः | |
| पदः | |
| दस्तखतः | |

**प्रमाणिकरणः**

**वेद बहादुर थापा**
गाउँपालिका अध्यक्ष
प्रमाणिकरण मितिः २०८१ फागुन २३ गते, बुधबार।

आज्ञाले,
**नरेश गिरी**
प्रमुख प्रशासकीय अधिकृत